आज मिति२०८०/०९/१८ गते बुधबारका दिन यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा छैठौं गाउँ कार्यपालिका बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | [signature] |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | [signature] |
| ३. | वडा अध्यक्ष | कुमार शाही | [signature] |
| ४. | वडा अध्यक्ष | पूर्ण बहादुर महत | [signature] |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | [signature] |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | [signature] |
| ७. | वडा अध्यक्ष | जाल बहादुर तामाङ | [signature] |
| ८. | वडा अध्यक्ष (का.वा.) | ~~बक बहादुर बस्नेत~~ माया लामा | [signature] |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | [signature] |
| १०. | का.पा. सदस्य | पुतली कामी | [signature] |
| ११. | का.पा. सदस्य | कमला रोका | [signature] |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | [signature] |
| १३. | का.पा. सदस्य | मसली सार्की | [signature] |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | [signature] |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | मोहनकुमार श्रेष्ठ | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अधिकृतस्तर छैठौं | युगबहादुर खड्का | [signature] |

मिति २०८० पुष १८ गते बसेको छैठौं गाउँ कार्यपालिका बैठक

**छैठौं गाउँ कार्यपालिका बैठकको लागि छलफलको विषयवस्तु**

१. विगतको निर्णयको समीक्षा सम्बन्धमा ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्र सम्बन्धमा ।

३. नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन सम्बन्धमा ।

४. खानेपानी मुहान दर्ता सम्बन्धमा ।

५. पहिलो चौमासिक प्रगति समीक्षा सम्बन्धमा ।

६. कार्यालयको मोटरसाइकल मर्मत सम्बन्धमा ।

७. विद्यालय दिवा खाजा सम्बन्धमा ।

८. विविध ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा पाचौं गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । अधिकांश निर्णय कार्यान्वयन सन्तोषजनक रुपमा भइसकेको बाँकी निर्णयहरु समेत कार्यान्वयनको चरणमा रहेको पाइयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०।०८।२४ को पत्र प्राप्त भएको र पत्रमा उल्लेख भए बमोजिमका सुझावका व्यहोरा अवगत गर्दै सुनकोशी गाउँपालिकाले पत्रमा उल्लेखित व्यहोराको पालना गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०।०९।०५ को च.नं. ३१ को पत्रानुसार नवप्रवर्तमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालनमा सहभागी हुन सुनकोशी गाउँपालिका इच्छुक रहेको व्यहोरा मन्त्रालयलाई अनुरोध गर्ने र कार्यविधि बमोजिम गाउँपालिकाले रु. ७५,००,०००। को १५ प्रतिशतले हुन आउने लागत साझेदारी रु. ११,२५,०००। समेत झोलुगें पुल सहित अन्य साझेदारी शीर्षकबाट व्यहोरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

रविन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा वडा नं. ७ मा गठित कुडुलेखोला माझीगाउँ खानेपानी उपभोक्ता समितिले कुडुलेखोला माझीगाउँ खानेपानी मूल दर्ता गरीपाउँ भनी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित आवेदन दिएको र उक्त उपभोक्ता मूल दर्ता गर्नको लागि सम्बन्धित निकाय तथा व्यक्तिहरुको दाबी विरोधको लागि कार्यालयबाट मिति २०८०।०२।०९ मा ३५ दिने हक दाबीको सार्वजनिक सूचना समेत प्रकाशन गरिएकोमा सो अवधिभित्र गणेशबहादुर कार्कीबाट लगायतबाट दावी विरोधको निवेदन दिएको र निजहरुको निवेदन अनुसार छलफलको लागि कार्यालयमा उपस्थित हुन बोलाइएकोमा निवेदकहरुमध्ये गणेशबहादुर कार्की बाहेक सबै उपस्थित भई आफ्नो दाबी विरोध नभएको समेत मिति २०८०।०७।१९ र २०८०।०९।०५ मा निवेदन दिएको हुँदा सो समिति दर्ता गरिदिन गाउँपालिका जलश्रोत समितिलाई निर्देशन दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत प्रचलित कानूनमा व्यवस्था भए बमोजिम आर्थिक बर्ष २०८०।०८१ पहिलो चौमासिक अवधिमा गाउँपालिकाका विभिन्न शाखा तथा वडा कार्यालयबाट सम्पादन गरिएको प्रगतिको समीक्षा मिति २०८० माघ ३ गते आयोजना गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिकास्तरीय सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन र अन्तर गाउँपालिका भ्रमण खर्च एवं कर्मचारी तथा पदाधिकारी सुविधा सम्बन्धी मापदण्ड (नर्म्स) भन्दा बढी लागतमा मोटर साइकल मर्मत गर्नु परेको हुँदा तपसिल बमोजिमको मोटर साइकल विग्रिएर मर्मत गर्नु परेको हुँदा तपसिल बमोजिमको रकम मर्मत सम्भार खर्च शीर्षकबाट तपसिल बमोजिम भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | मोटरसाइकल नं. | मर्मत गर्ने/भुक्तानी पाउने फर्म/वर्कशप | बील रकम | प्रयोगकर्ता तथा पद | कैफियत |
|---|---|---|---|---|---|
| १. | बा. २ ब. ४८७३ | बुद्ध मोटरसाइकल वर्कशप बलेफी-४ सिन्धुपाल्चोक | १२,८६५। | विनोद भण्डारी अ.स.ई. | |
| २. | बा. ३ ब. ४१४ | स्वाँरा मोटरसाइकल वर्कशप सुनकोशी-७ सिन्धुपाल्चोक | २६,४००। | रामचन्द्र जि.सि. पशु प्राविधिक | |



टधिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

CamScanner

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०८० भदौ २१ गते बसेको गाउँ कार्यपालिका बैठकले विगत बर्षमा झैं यस आर्थिक बर्षमा समेत गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरुलाई समेत गाउँपालिकाले दिवा खाजा उपलब्ध गराउने भन्ने निर्णय भए बमोजिम उक्त कक्षाहरुमा दिवा खाजा खुवाए बापत विद्यालयहरुले भुक्तानी माग गर्न शुरु गरेका र बर्षभरी सो कार्यक्रमको लागि आवश्यक रकम रु. ८,००,०००। आ.व. २०७९।०८० को दायित्व सर्ने शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

८ प्रस्ताव नं. ८ को विविध विषय माथि छलफल गर्दा तपसिल बमोजिमको निर्णय गरियो:

क) चालू आ.व. मा सभाहल तथा इजलास व्यवस्थापन सम्बन्धमा विनियोजित रु. १५,००,०००। मध्ये इजलास व्यवस्थापनको लागि रु. ५,००,०००. र सभाहल व्यवस्थापन रु. १०,००,०००। बाँडफाँट गरी उपरोक्त कार्य यथाशिघ्र सम्पन्न गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

ख) गाउँपालिका भित्रका तपसिल बमोजिमका निवेदकले आर्थिक सहायता माग गरेको हुँदा सम्बन्धित शीर्षकबाट तपसिल बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो:

तपसिल

| क्र.सं. | निवेदकको नामथर | वडा नं. | माग गर्नाका कारण | आर्थिक सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | पुन्य महत | २ | बाबु टिकाबहादुर महतको मृगौलाको रोग लागि निधन भएको हुँदा काजकिरिया सहयोग | २५,०००। | |
| २. | मानकुमार विश्वकर्मा | ६ | पत्नी भगवती वि.क. को कलेजो सम्बन्धी रोगबाट निधन भएको हुँदा काजकिरिया सहयोग | २५,०००। | |

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष